# भाग ३

## नेपाल सरकार

## स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको (गठन) आदेश (नेराप) नम्बर १२

### भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३

भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ को दफा २ मा संशोधन** : भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) आदेश, २०७७ (यस पछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।"

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ख) मा रहेको "प्रमुख" भन्ने शब्द पछि "वा निजले तोकेको प्रतिनिधि" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (ङ) मा रहेको "कम्तीमा" भन्ने शब्द पछि "एकजना" भन्ने शब्द थपिएको छ।

(ग) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ :-

"(च) नेपाल अबुर्द रोग निवारण संस्थाले तोकेको सो संस्थाको प्रतिनिधि एकजना - सदस्य"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) उपदफा (२) को खण्ड (ङ) र (छ) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ र निजहरू पुन: मनोनयन हुन सक्नेछन्।"

४. **मूल आदेशको दफा ६ मा संशोधन :** मूल आदेशको दफा ६ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यस आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८२ साल चैत १२ गते भन्दा अघि मनोनयन वा नियुक्त भई बहाल रहेका दफा ३ को उपदफा (२) को खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्य मनोनयन वा नियुक्ति हुँदाका बखत जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए तापनि यो उपदफा प्रारम्भ भएपछि त्यस्ता सदस्य कार्यरत रहेको पदबाट स्वत: पदमुक्त हुनेछन्।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (२) बमोजिम पदमुक्त भएका सदस्यलाई मन्त्रालयले पदमुक्त भएको सूचना दिनेछ।"

५. **मूल आदेशको दफा ९ मा संशोधन :** मूल आदेशको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"९. **कार्यकारी निर्देशक :** (१) अस्पतालको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) मन्त्रालयले नेपाल स्वास्थ्य सेवाको एघारौं तहको कर्मचारीलाई समितिको कार्यकारी निर्देशकको रूपमा कामकाज गर्ने गरी खटाउनेछ।

तर एघारौं तहको कर्मचारी उपलब्ध नभएको अवस्थामा मन्त्रालयले दशौं तहको वरिष्ठ कर्मचारीलाई कार्यकारी निर्देशकको रूपमा कामकाज गर्ने गरी खटाउन सक्नेछ।

(३) कार्यकारी निर्देशकसँग मन्त्रालयले कार्य सम्पादन सम्झौता गर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौता सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले निर्धारण गरेबमोजिम हुनेछ।

(५) कार्यकारी निर्देशकले अस्पताल बाहेक अन्य स्वास्थ्य संस्थामा काम गर्न पाउनेछैन।

(६) कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा वा अस्पताल र समितिको हित विपरीत हुने कुनै काम गरेमा वा कार्य सम्पादन सम्झौता अनुरूप काम नगरेमा मन्त्रालयले निजलाई जुनसुकै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।"

**आज्ञाले,**

**डा. विकास देवकोटा**

**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।-
गो.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।